नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-स्था.त.स.शा./जानकारी/फा.नं.३/२०७६/७७

मितिः- २०७६/११/२७

चलानी नं.:- ३६१

विषयः- COVID-19 को संक्रमणप्रति सजगता, रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।

श्री स्थानीय तहहरु, सबै।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको च.नं. प्रा.स./४२१/५४९९ मिति २०७६/११/२३ को COVID-19 को संक्रमणप्रति सजगता, रोकथाम तथा नियन्त्रण सम्बन्धी पत्र संलग्न छ। COVID-19 को संक्रमण विश्वब्यापी रुपमा फैलिदो क्रममा रहेको र छिमेकी मुलुकमा यसको प्रभावको कारण नेपाल पनि यसको सम्भावित जोखिमको क्षेत्रमा रहेको हुँदा यस रोगको संक्रमणप्रति सजगता, रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषद्‌ले उपप्रधानमन्त्री तथा रक्षामन्त्रीको संयोजकत्वमा "कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" गठन गरेको छ। सो समितिको मिति २०७६/११/१८ र २२ गतेको निर्णयानुसार सबै स्थानीय तहहरुमा आवश्यक सजगता, रोकथाम तथा नियन्त्रणको व्यवस्थाका लागि समितिको निर्णय सहित लेखी आएकोले अन्तर्राष्ट्रिय सीमा जोडिएका स्थानीय तहले विषेश सजगता सहित सबै स्थानीय तहबाट आवश्यक सहयोग, समन्वय र सहकार्यको व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

जनकराज शर्मा

शाखा अधिकृत

**बोधार्थ:-**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

अत्यन्त जरुरी

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्या :- २०७६/७७

च.नं. :- प्रा.स./४२१/ ४४११

मिति : २०७६।११।२३

विषयः - COVID-19 को संक्रमणप्रति सजगता, रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।

श्री सचिवज्यू,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

COVID-19 को संक्रमण विश्वव्यापी रुपमा फैलिदो क्रममा रहेको छ । छिमेकी मुलुकमा यसको प्रभावको कारण नेपाल पनि यसको सम्भावित जोखिमको क्षेत्रमा रहेको छ । यस रोगको संक्रमणप्रति सजगता, रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषद्ले उपप्रधानमन्त्री तथा रक्षामन्त्रीको संयोजकत्वमा "कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" गठन गरेको छ । उक्त उच्चस्तरीय समितिको मिति २०७६।११।१८ र २२ गतेको निर्णयको छायाँप्रति यसैसाथ संलग्न छ । नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट नेपाली नागरिकको हितलाई ध्यानमा राखी अन्तर्राष्ट्रिय भ्रमण सम्बन्धी सूचना (Travel advisory) जारी भएको छ । संघीय मन्त्रालय तथा निकायहरूले यस रोगको रोकथाम तथा नियन्त्रणको लागि समयबद्ध कार्ययोजना सहित विभिन्न क्रियाकलापहरू संचालनमा ल्याएका छन् ।

**प्रस्तुत परिप्रेक्ष्यमा सबै स्थानीय तहहरूबाट यस रोगको रोकथाम, नियन्त्रण र सजगता अपनाउने सन्दर्भमा देहाय बमोजिमको कार्य उच्च प्रथमिकतामा राखी शीघ्र गर्ने/गराउने व्यवस्थाको लागि पुनः अनुरोध गर्दछु ।**

देहायः-

१. COVID-19 को सतर्कता अपनाउने सन्दर्भमा जारी भएको अन्तर्राष्ट्रिय भ्रमण सम्बन्धी सूचना (Travel advisory) मा उल्लेख भएबमोजिम स्थानीय तहसँग सम्बन्धित हुने विषयहरूमा आवश्यक कार्य गर्ने/गराउने ।

२. COVID-19 को संक्रमण नियन्त्रणमा नआएसम्म नेपाल प्रवेश गर्ने मुख्य सीमा नाकाहरूमा उच्च सतर्कता अपनाई नेपाल प्रवेश गर्ने सबै यात्रुहरूको स्वास्थ्य जाँच/स्क्रिनिङ्गको कार्यलाई प्रभावकारी तुल्याउन सङ्घीय सरकार तथा प्रदेश सरकारबाट खटिइएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरूसँग समन्वय गरी स्थानीय तहबाट आफ्नो कार्यक्षेत्रमा पर्ने नाकाहरूमा कामकाज गर्न खटाउने व्यवस्था गर्ने/गराउने ।

३. COVID-19 को संक्रमण नियन्त्रणमा नआएसम्म स्वास्थ्य संवेदनशिलतालाई ध्यानमा राखी स्थानीय तहमा हुने ठुला जमघट हुने खालका सामाजिक कार्यहरू भोज, उत्सव एवम् पर्वहरूमा सहभागी नहुन सर्वसाधारणलाई आह्वान गर्ने/गराउने ।

४. स्थानीय तहहरूमा रहेका सबै अस्पताल, स्वास्थ्य केन्द्रहरूमा उपलब्ध क्षमतालाई ध्यानमा राखी आकस्मिक अवस्थामा प्रयोग गर्न सकिने गरी आवश्यक न्यूनतम मात्रामा छुट्टै बेडको व्यवस्था मिलाउने ।

५. बिरामीहरूको प्रारम्भिक जाँच, परीक्षण गर्ने र सघन जाँच परीक्षण गर्नुपर्ने देखिएमा प्रादेशिक तथा केन्द्रिय अस्पतालहरूमा रिफर गरी पठाउने व्यवस्था मिलाउने ।

६. स्थानीय तहहरूमा COVID-19 को संक्रमण, यसको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य सचेतना सम्बन्धी जनहितका सूचना जारी गरी प्रचार, प्रसार गर्ने/गराउने ।

७. स्यानिटाइजर, मास्क, औषधी एवं अत्यावस्यक सामग्री लगायत दैनिक उपभोग्य अन्य वस्तुहरूको बजारमा नियमित एवं सहज आपूर्ती व्यवस्था तथा बजार स्वच्छता कायम राख्न स्थानीय तहबाट सम्बन्धित निकायसँग समन्वय गरी बजार अनुगमन नियमनको कार्यलाई प्रभावकारी तुल्याउने । साथै आम उपभोक्ताहरूलाई दैनिक उपभोग्य वस्तु तथा सामग्रीहरूको अस्वभाविक संग्रह नगर्ने व्यहोराको सन्देश जारी गर्ने व्यवस्था मिलाउने ।

(नारायण प्रसाद विडारी)
सचिव

सादर अवगतार्थ
श्रीमान् मुख्यसचिवज्यू


टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

## नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण
## उच्चस्तरीय समन्वय समिति

बैठक संख्या १

मिति २०७६ फागुन १८ गते

समयः साँझ ७ बजे

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ फागुन १८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित "नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को बैठक देहायका माननीय मन्त्रीज्यूहरु तथा उच्च अधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| | |
|---|---|
| मा. उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल | संयोजक |
| मा. गृहमन्त्री श्री राम बहादुर थापा | सदस्य |
| मा. परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली | सदस्य |
| मा. शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल | सदस्य |
| मा. कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल | सदस्य |
| मा. स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल | सदस्य |
| मा. उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट | सदस्य |
| मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई | सदस्य |
| मा. अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा | सदस्य |
| मुख्यसचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार | सदस्य |
| सचिव श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य- सचिव |

आमन्त्रितः

सचिव श्री शंकरदास बैरागी, परराष्ट्र मन्त्रालय

सचिव श्री महेश्वर न्यौपाने, गृह मन्त्रालय

सचिव श्री खगराज बराल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

उपरथी श्री प्रभुराम शर्मा, नेपाली सेना

प्रमुख विशेषज्ञ, डा. दिपेन्द्र रमण सिंह, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

महानिर्देशक, श्री ईश्वर पौडेल, अध्यागमन विभाग

महानिर्देशक, श्री राजन पोखरेल, नेपाल नागरिक उड्डयन प्राधिकरण

निर्णयहरु:

१. नेपाल प्रवेश गर्ने मुख्य सीमा नाकाहरु र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उच्च सतर्कता अपनाइ निगरानी तथा परीक्षण कार्यलाई थप प्रभावकारी बनाउने।

१.१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उच्च सतर्कता अपनाइ निगरानी तथा परीक्षण कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने स्वास्थ्यकर्मी र उपकरणहरुको व्यवस्था गर्ने।

१.२. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा रहेको थर्मल सेन्सर/स्क्यानर तथा स्वास्थ्य कक्ष (Health Desk) लाई International Health Regulations-2005 मा निर्धारित मापदण्ड अनुरूप सञ्चालन गर्ने।

१.३. नेपाल भित्रिने सबै हवाई यात्रुहरुको अनिवार्य रुपमा स्वास्थ्य स्क्रिनिङ गर्ने।

१.४. सबै यात्रुहरुले Travel Information, Passenger Location सहितको Self-Declaration Form भरी तोकिएका कर्मचारीलाई बुझाउने र प्राप्त सूचनाको आधारमा तोकिएको प्रोटोकल अनुरुप यात्रुको व्यवस्थापन गर्ने।

१.५. यात्रु व्यवस्थापनका लागि प्रहरी र अन्य सहायक कर्मचारीहरुको थप व्यवस्था गर्ने।

१.६. विमान भित्र यात्रुहरुलाई अवतरण पश्चात गरिने स्वास्थ्य स्क्रिनिङ तथा जाँच सम्बन्धी विस्तृत जानकारी (Announcement) दिने।

१.७. संक्रमणको आशंका भएका व्यक्तिहरुलाईअस्पतालपुऱ्याउनु अघि व्यक्तिगत स्वास्थ्य सुरक्षा उपकरण तथा सामग्री सहितको छुट्टै कक्षमा राखे व्यवस्था गर्ने।

१.८. विमान चालकदल तथा अन्य कर्मचारीहरुको स्वास्थ्य सुरक्षाको व्यवस्था मिलाउने।

१.९. त्रिभुवन विमानस्थल कार्यालयमा तयारी अवस्थाको एक एम्बुलेन्सको व्यवस्था गर्ने।

१.१०. International Air Transport Association को मापदण्ड अनुरूप हरेक हवाईजहाज र मानिसहरूको सम्पर्क हुने विमानस्थल परिसरका रेलिङ, कुर्चि, टेवल, लिफ्ट, भऱ्याङ आदि स्थानहरुमा नियमितरूपमा Disinfection गर्ने।

१.११. छिमेकी मित्रराष्ट्र चीनसँग जोडिएका मुख्य नाका रसुवागढी र तातोपानीमा उच्च सतर्कता अपनाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य कक्ष स्थापना गरी यात्रुको स्वास्थ्य निगरानी तथा परीक्षण गर्ने।

१.१२. छिमेकी मित्रराष्ट्र भारतसँगका मुख्य नाकाहरु (पशुपतिनगर, काकरभिट्टा, जोगबनी, जयनगर, रक्सौल, सुनौली, जमुनाह (नेपालगञ्ज), गड्डाचौकी लगायतमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य कक्ष स्थापना गरी स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्ने भारतीय यात्रुको स्वास्थ्य परीक्षण गर्ने।

१.१३. छिमेकी मित्रराष्ट्र भारतहुँदै नेपाल प्रवेश गर्ने तेस्रो मुलुकका यात्रुलाई तत्कालका लागि काकरभिट्टा, जोगबनी, रक्सौल, सुनौली, जमुनाह (नेपालगञ्ज) र गड्डाचौकीबाट मात्र प्रवेश गर्ने गरी यात्रुको स्वास्थ्य परीक्षण पछि प्रवेशाज्ञा जारी गर्ने व्यवस्था मिलाउने।

२. खाद्य तथा पेय पदार्थ, पशुपंक्षी र पशुजन्य सामग्री,जैविक पदार्थ लगायतका अन्य उपभोग्य वस्तुहरु आयात गर्दा संक्रमण हुन सक्ने खतरालाई मध्यनजर गरी आयातमा कडाईका साथ निगरानी तथा जाँचपरिक्षणको भरपर्दो व्यवस्था मिलाउने।

३. Covid-19 संक्रमित मुलुकबाट नेपालमा संचालित विकाश आयोजनाहरुका लागि आउने प्राविधिक जनशक्ति, कामदार र अन्य व्यक्तिहरुको स्वास्थ्य परीक्षण तथा निगरानीको प्रभावकारी व्यवस्था मिलाउने।

३.१. विभिन्न विकास आयोजनासँग सम्बन्धित भई Covid-19 संक्रमित मुलुकबाट नेपाल प्रवेश गर्ने प्राविधिक जनशक्ति तथा कामदारहरुको प्रवेश नाकामा तोकिएबमोजिम स्वास्थ्य स्क्रिनिङ गर्ने र १४ दिन सम्म आयोजनास्थलमानै क्वारेन्टाइनमा रही स्वास्थ्य परीक्षण प्रतिवेदनको आधारमा काममा लगाउने।

३.२. क्वारेन्टाइन अवधिमा रोगको लक्षण देखा परेमा सम्बन्धित आयोजनाको कार्यालय मार्फत तोकिएको स्वास्थ्य संस्थामा जानकारी गराउने। —

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार

४. भारत तथा चीनबाट स्थलमार्ग हुँदै आउने नेपाली नागरिकहरुमा Covid-19 को संक्रमणको आवश्यक परीक्षण तथा सचेतना सम्बन्धी कार्य प्रभावकारी तुल्याउने।

४.१. भारत तथा चीनबाट स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्ने नेपाली नागरिकहरुको प्रवेश नाकामा स्वास्थ्य स्क्रिनिङ्ग गर्ने।

४.२. Covid-19 बाट बढी प्रभावित र यसको उच्च जोखिममा रहेका मुलुकहरुबाट एवं तेस्रो देशबाट ती मूलुकहरु हुँदै आउने नेपाली नागरिकहरुले स्वयंले १४ दिन अनिवार्य रुपमा होम क्वारेन्टाइनमा बस्न र रोगको लक्षण देखिएमा तोकिएको स्वास्थ्य संस्थामा सम्पर्क गर्न सूचना प्रवाह गर्ने।

५. आम नागरिकहरुको जनहितका लागि Covid-19 रोग सम्बन्धी स्वास्थ्य सचेतना र सतर्कताका सूचना जारी गर्ने।

५.१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विश्व स्वास्थ्य संगठनद्वारा जारी भएका Covid-19 रोगको रोकथाम र नियन्त्रण सम्बन्धी सूचनाहरु नियमित रुपमा संकलन, विश्लेषण गरी प्रवाह गर्ने, गराउने।

५.२. सबै प्रदेशका प्रदेश स्तरिय अस्पतालहरुमा कोभिड-१९ रोग सम्बन्धी सूचना सम्प्रेषण गर्न टोल फ्रि सहितको हन्टिङ लाईनको व्यवस्था गर्ने।

६. चीन, दक्षिण कोरिया, ईरान, ईटली तथा जापानका नागरिकहरु एवं ती मुलुकहरुको Transit भएर नेपाल आउने यात्रुहरुले नेपालको अध्यागमन बिन्दुमा अनिवार्य रुपमा Covid-19 बाट संक्रमित नभएको स्वास्थ्य परीक्षणको प्रमाण पेश गर्नुपर्ने ।

७. नेपाली नागरिकलाई अत्यावश्यक काम बाहेक अन्य अवस्थामा विदेश भ्रमण नगर्न अनुरोध सहित Covid-19 को उच्च संक्रमण भएका मुलुकहरुमा भ्रमण स्थगन गर्न संलग्न अनुसूची १ बमोजिमको यात्रा परामर्श (Travel Advisory) जारी गर्ने।

८. परराष्ट्र मन्त्रालयले Covid-19 बाट बढी प्रभावित चीन, दक्षिण कोरिया, ईरान, ईटाली तथा जपानका नागरिकहरुलाई प्रदान गरिदै आएको On-Arrival Visa को सुविधा १० मार्च २०२० देखि लागु हुने गरी अर्को सूचना जारी नभएसम्मका लागि स्थगन गर्ने । नेपालमा भ्रमण गर्न चाहने उक्त देशका नागरिकहरुले तत् तत् देशमा रहेका नेपाली राजदुतावास वा कुटनैतिक नियोगहरुबाट आवश्यक प्रकृया पुरा गरी Visa प्राप्त गर्नसक्ने व्यवस्था मिलाउने ।

८.१. नेपालमा आयोजना हुने नेपाल भ्रमण वर्ष-२०२०, सगरमाथा संवाद लगायतका अन्तर्राष्ट्रिय सभा, सम्मेलन अप्रिल २०२० सम्मका लागि स्थगन गर्ने।

८.२. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सभा, सम्मेलन अप्रिल २०२० सम्मका लागि स्थगन गर्न अनुरोध गर्ने।

८.३. नेपालबाट अन्तर्राष्ट्रिय सभा, सम्मेलनमा हुने सहभागिता अप्रिल २०२० सम्मका लागि स्थगन गर्ने।

९. अन्तर्राष्ट्रिय सभा, सम्मेलनको आयोजना र सहभागिता स्थगन गर्ने।

९.१. नेपालमा आयोजना हुने नेपाल भ्रमण वर्ष-२०२०, सगरमाथा संवाद लगायतका अन्तर्राष्ट्रिय सभा, सम्मेलन अप्रिल २०२० सम्मका लागि स्थगन गर्ने।

९.२. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सभा, सम्मेलन अप्रिल २०२० सम्मका लागि स्थगन गर्न अनुरोध गर्ने।

९.३. नेपालबाट अन्तर्राष्ट्रिय सभा, सम्मेलनमा हुने सहभागिता अप्रिल २०२० सम्मका लागि स्थगन गर्ने।

१०. Covid-19 को संक्रमण नियन्त्रणमा नआएसम्मका लागि स्वास्थ्य संवेदनशीलतालाई ध्यानमा राखी ठूला जमघट हुने सामाजिक कार्यहरु एवम् भोजभतेरमा सहभागी नहुन आम नागरिकमा सार्वजनिक आह्वान गर्ने। —

अनुसूची १

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## COVID-19 को सतर्कता अपनाउने सन्दर्भमा जारी भएको अन्तर्राष्ट्रिय भ्रमण सम्बन्धी सूचना

**COVID-19 को रोकथाम, नियन्त्रण र सजगता अपनाउने सन्दर्भमा नेपाल सरकारले देहायका व्यवस्था गरेकोले सो अनुसार गर्न गराउनु हुन सम्बन्धित सबैमा यो अन्तर्राष्ट्रिय भ्रमण सम्बन्धी सूचना जारी गरिएको छ।**

१ अत्यावश्यक अवस्थामा बाहेक COVID-19 बाट बढी प्रभावित मुलुकहरु चीन, दक्षिण कोरिया, इरान, इटली, जापान लगायत अन्य उच्च जोखिममा रहेका मुलुकहरुमा यात्रा नगर्न नेपाली नागरिकहरुलाई अनुरोध गरिएको छ।

२ COVID-19 बाट बढी प्रभावित चीन, दक्षिण कोरिया, इरान, इटली तथा जापानका नागरिकहरु एवम् ती मुलुकको ट्रान्जिट भएर नेपाल आउने यात्रुहरुले नेपालको अध्यागमन विन्दुमा अनिवार्य रुपमा COVID-19 बाट संक्रमित नभएको स्वास्थ्य परिक्षणको प्रमाण पेश गर्नुपर्ने छ।

३ छिमेकी मित्रराष्ट्र भारतसँगका मुख्य नाकाहरु (पशुपतिनगर, काकरभिट्टा, जोगवनी, जयनगर, रक्सौल, सुनौली, जमुनाह (नेपालगँज), गड्डाचौकी लगायतमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य कक्ष स्थापना गरी स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्ने भारतीय यात्रुको स्वास्थ्य परीक्षण गरिने छ ।

४ छिमेकी मित्रराष्ट्र भारतहुँदै स्थलमार्गबाट नेपाल प्रवेश गर्ने तेस्रो मुलुकका यात्रुलाई तत्कालका लागि काकरभिट्टा, जोगवनी, रक्सौल, सुनौली, जमुनाह (नेपालगँज), गड्डाचौकीबाट मात्र प्रवेश गर्ने गरी यात्रुको स्वास्थ्य परीक्षण पछि प्रवेशाज्ञा जारी गर्ने व्यवस्था मिलाइने छ ।

५ COVID-19 बाट बढी प्रभावित र यसको उच्च जोखिममा रहेका मुलुकहरुबाट एवम् तेस्रो देशबाट ती मुलुकहरु हुँदै आउने नेपालीहरुले १४ दिन अनिवार्य रुपमा होम क्वारेन्टाइनमा रहनु पर्नेछ।

६ नेपाल भ्रमण वर्ष २०२० सँग सम्बन्धित विदेशमा आयोजना गरिने सबै प्रवर्धनात्मक कार्यक्रमहरु स्थगित गरिएको छ।

७ सन् २०२० को अप्रिलमा नेपालले आयोजना गर्न तय भएको सगरमाथा संवाद स्थगित गरिएको छ। त्यसै गरी निकट भविष्यमा नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सभा, सम्मेलनहरु पनि स्थगित गरिएको छ।

८ निजी तथा गैर सरकारी क्षेत्रबाट नेपालमा आयोजना हुन लागेका अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरु स्थगित गर्न सम्बन्धित आयोजक संस्थाहरुलाई आह्वान गरिएको छ।

९ COVID-19 बाट बढी प्रभावित चीन, दक्षिण कोरिया, इरान, इटली तथा जापानका नागरिकहरुलाई प्रदान गरिँदै आएको On Arrival Visa को सुविधा १० मार्च २०२० देखि लागु हुने गरी अर्को सूचना जारी नभएसम्मका लागि स्थगन गरिएको छ। नेपाल भ्रमण गर्न चाहने माथि उल्लेख भएका विदेशी मुलुकका नागरिकहरुले विदेशस्थित नेपाली नियोगहरुबाट आवश्यक प्रक्रिया पूरा गरी भिषा प्राप्त गर्न सक्नेछन्। यसका लागि अध्यागमन विभागबाट मिति २०७६।११।१९ तदनुसार २ मार्च २०२० मा जारी भएको छुट्टै सूचना हेर्नुहुन अनुरोध गरिएको छ।

१९ फागुन, २०७६

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण

## उच्चस्तरीय समन्वय समिति

बैठक संख्या २

मिति २०७६ फागुन २२ गते विहिवार

समयः दिनको ११ बजे

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ फागुन १८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित "नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को बैठक देहायका माननीय मन्त्रीज्यूहरु तथा उच्च अधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| | |
|---|---|
| मा. उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल | संयोजक |
| मा. गृहमन्त्री श्री राम बहादुर थापा | सदस्य |
| मा. परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली | सदस्य |
| मा. शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल | सदस्य |
| मा. कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल | सदस्य |
| मा. स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल | सदस्य |
| मा. उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट | सदस्य |
| मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई | सदस्य |
| मा. अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा | सदस्य |
| मुख्यसचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार | सदस्य |
| सचिव श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य सचिव |

आमन्त्रितः

- सचिव श्री केदारवहादुर अधिकारी, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
- सचिव श्री शंकरदास बैरागी, परराष्ट्र मन्त्रालय
- सचिव श्री महेश्वर न्यौपाने, गृह मन्त्रालय
- सचिव श्री यादव कोइराला, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- सचिव श्री विनाद के सी, श्रम राजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
- उपरथी श्री प्रभुराम शर्मा, नेपाली सेना
- प्रमुख विशेषज्ञ, डा. दिपेन्द्र रमण सिंह, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- महानिर्देशक, श्री राजन पोखरेल, नेपाल नागरिक उड्डयन प्राधिकरण

गणेश प्रसाद अधिकारी, मुख्य अनुसन्धान निर्देशक, राअवि

सन्त बहादुर सुनार सह-सचिव, रक्षा मन्त्रालय

नारायण प्रसाद ढकाल, महानिर्देशक, स्वा.म.

शैलेन्द्र खनाल IG APF

महेन्द्र प्रसाद श्रेष्ठ महानिर्देशक, स्वा.से.वि. स्वा.ज.मन्त्रालय

उ.र.म. भुवनेन्द्र कुमार सिंह नेपाली सेना

महारथी पूर्णचन्द्र थापा, प्रधान सेनापति - नेपाली सेना

ठाकुर प्रसाद ग्यावाली. प्र.प्र.नि. नेपाल प्रहरी

प्रा सेनानी डा. बिकल श्रेष्ठ नेपाली सेना।

[illegible] पाण्डे, निर्देशक, [illegible]

निर्णयहरु

१. सडक सवारी साधनबाट आवत जावतहुने नेपाल भारत सीमावर्ती क्षेत्रका प्रमुख स्थानहरुमा समेत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले औषधी तथा उपकरणसहितको स्वास्थ्य टोली खटाउने प्रवन्ध मिलाउने। यसका लागि गृह मन्त्रालय सँग समन्वय गर्ने ।

२. सीमावर्ती क्षेत्रमा अत्यावश्यक काममा बाहेक आवतजावत नगर्न नेपाली नागरिकहरुलाई सूचित गर्ने ।

३. नेपाल-भारत सीमामा स्वास्थ्य सचेतना तथा सतर्कता अपनाउनको लागि Cross Boarder Meeting गर्न गृह मन्त्रालयलाई निर्देशन दिने ।

४. भारतसँग जोडिएका सीमावर्ती प्रवेश नाकाहरुमा आपतकालीन अवस्थामा क्वारेन्टाईन गर्न आवश्यक पर्ने क्वारेन्टाईन भवन/स्थल पहिचान गरी सो सम्बन्धी व्यवस्थापन गर्न गृह मन्त्रालयलाई निर्देशन दिने ।

५. क्वारेन्टाईन प्रयोजनको निम्ति प्रयोग भएका खरिपाटीस्थित विद्युत प्राधिकरणको भवन र तेलकोटस्थित खानेपानी तालिम केन्द्रको भवनलाई निकट भविष्यको संभाव्य प्रयोगलाई विचार गरी तत्काल यथावत स्थितिमा कायम राख्न जिल्ला प्रशासन कार्यालय भक्तपुरलाई निर्देशन दिने।

६. आशन्न फागुपूर्णिमा / होली पर्वका अवसरमा अधिक मात्रामा रंग, पानीको प्रयोग र लोला प्रहारबाट सर्वसाधारणको स्वास्थ्यमा प्रतिकुल असर पर्ने भएकोले आम नागरिकको हितलाई ध्यानमा राखी यस्ता कार्यहरु नगर्न नगराउन गृह मन्त्रालय मार्फत सबैलाई अनुरोध गर्ने ।

२०७६।११।२२

७. COVID-19 बाट बढी प्रभावित चीन, दक्षिण कोरिया, ईरान, ईटली र जापानका नागरिकहरु एवं ती मुलुकको Transit भएर नेपाल आउने विदेशी यात्रुहरुले विदेशस्थित निकायहरुमा भिसाको माग गर्दा Swab Test को रिपोर्ट अनिवार्य रुपमा पेश गर्ने व्यवस्था मिलाउने ।

८. परराष्ट्र मन्त्रालयले विदेशस्थित कुटनैतिक नियोग तथा दुतावासमार्फत COVID-19 बाट संक्रमित मुलुकमा बस्ने नेपाली नागरिकहरुलाई स्वास्थ्य सचेतना सम्बन्धी सन्देशमूलक सूचना प्रवाह गर्ने । उनीहरुको हितमा आवश्यक सहजिकरण गर्ने ।

९. वजारमा औषधी, मास्क तथा सेनिटाइजर एवं अन्य अत्यावश्यक दैनिक उपभोग्य सामग्रीहरुको आपूर्ति व्यवस्था सहज एवं नियमित राख्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले वजार अनुगमनलाई प्रभावकारी बनाउने ।

१०. COVID-19 को संक्रमणको संभावनालाई रोक्न वाह्य मुलुकहरुबाट आयातहुने मासुजन्य पदार्थको गुणस्तर र स्वच्छता सम्बन्धमा कृषि तथा पशुपंक्षी मन्त्रालयले निगरानी तथा परीक्षणको कार्य प्रभावकारी तुल्याउने ।

११. प्रदेश सरकारलाई COVID-19 को संक्रमणप्रति सजगता, रोकथाम तथा नियन्त्रण सम्बन्धमा सतर्कता अपनाउन अनुरोध गर्ने । साथै, सभा, सम्मेलन भेला, समारोह ठुला जमघटको कार्य नगर्न र स्वास्थ्य सतर्कता सम्बन्धी प्रचार-प्रसार गर्नुका साथै औषधी, मास्क, सेनिटाईजर जस्ता वस्तुहरुतथा दैनिक उपभोग्य अत्यावश्यक सामग्रीहरु सहजरुपमा आपूर्तिको व्यवस्था मिलाउन अनुरोध गर्ने।

१२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरुलाई सभा, सम्मेलन, भेला, समारोह, ठुला जमघटको कार्य नगर्न र स्वास्थ्य सतर्कता सम्बन्धी प्रचार-प्रसार गर्नुका साथै औषधी, मास्क, सेनिटाईजर जस्ता वस्तुहरुतथा दैनिक उपभोग्य अत्यावश्यक सामग्रीहरु सहजरुपमा आपूर्तिको व्यवस्था मिलाउन अनुरोध गर्ने।

१३. मानिसहरुको ठूलो जमघट हुने सीनेमा हल, वसपार्क, पार्टिप्यालेस तथा सामुहिक वसोवास हुने अपार्टमेन्ट जस्ता स्थलहरुमा स्वास्थकर्मीको टोली खटाई समय-समयमा स्वास्थ्य परीक्षण गर्ने निगरानी बढाउने।

१४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दैनिक रुपमा यस रोगको रोकथाम सम्बन्धमा भए गरेका कामकारवाहि तथा जनहितका सूचना समेत राखि नियमित रुपमा स्वास्थ्य बुलेटिन जारी गर्ने । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्बन्धित विज्ञहरुबाट जानकारी प्रवाह गर्ने व्यवस्था मिलाउने ।

१५. बाह्य मुलुकबाट नेपाल प्रवेश गर्ने सबै एयरलाईन्स मार्फत हवाई यात्रुहरुलाई Self-Declaration Form उपलब्ध गराई भराईदिने व्यवस्था नेपाल नागरिक उड्डयन प्राधिकरणले मिलाउने ।

१६. त्रिभुवन अन्तरार्ष्ट्रिय विमानस्थल, नेपाल नागरिक उड्डयन प्राधिकरण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संयुक्त टोलीले विमानस्थलमा COVID-19 संक्रमण सम्बन्धमा जाच्नको निम्ति प्रिफ्याव निर्माण गर्न स्थानको पहिचान गरी नियमानुसार निर्माण प्रक्रृया शीघ्र अघि बढाउने ।

२०७६।११।२२